# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः २ संख्या : १ आषाढ १, २०७५**

## भाग-२

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालयको

### सूचना

## मुसिकोट नगरपालिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७५

संवत् २०७५ सालको कार्यविधि नं १

**प्रस्तावना** मुसिकोट नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ३८ र मुसिकोट नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम ५६ को अधिनमा रही मुसिकोट नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा, बालविकास सहजकर्ता, नगरपालिकाको स्रोतबाट तलब भत्ता खाने पदमा नियुक्त हुने शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरुको करार तथा

**मुसिकोट नगरपालिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७५**
अस्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्नको लागि मुसिकोट नगरपालिका, नगर शिक्षा समितिले यो कार्यविधि बनाइ लागू गरेको छ ।

## १ संक्षिप्त नाम, प्रारम्भ र प्रयोग

क यो कार्यविधिको नाम मुसिकोट नगरपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

ख यो कार्यविधि मुसिकोट नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयतथा वालविकास केन्द्रहरुमा हुने अस्थायी तथा करार नियुक्ति सम्बन्धी प्रयोजनमा लागू हुनेछ ।

ग यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

घ यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, प्राथमिक तहदेखि माध्यमिक तहसम्म नेपाल सरकार वा नगरपालिकाको स्रोतबाट तलब भत्ता पाउने गरी स्वीकृत दरवन्दी, स्थायी, अस्थायी, करार, परियोजना तथा राहत अनुदानकोटा तथा स्वयमसेवकको रुपमा नियुक्त हुने शिक्षक कर्मचारीहरुको नियुक्तिको लागि प्रयोग हुनेछ ।

## २ परिभाषा

क 'ऐन' भन्नाले मुसिकोट नगरपालिका शिक्षा ऐन, २०७४ सम्झनुपर्छ । साथै ऐन भन्नाले संघिय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ ।

ख 'नियमावली' भन्नाले मुसिकोट नगरपालिका शिक्षा नियमावली, २०७४ सम्झनुपर्छ । साथै नियमावली भन्नाले प्रचलित संघिय शिक्षा नियमावली तथा प्रादेशिक शिक्षा नियमावलीलाई समेत जनाउनेछ ।

ग 'शिक्षक सेवा आयोग' भन्नाले संघीय कानून अनुसार गठित शिक्षक सेवा आयोग सम्झनु पर्छ । यो शब्दले प्रादेशिक स्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउनेछ ।

घ 'शिक्षा शाखा' भन्नाले मुसिकोट नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

ङ 'कार्यविधि' भन्नाले मुसिकोट नगरपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७५ सम्झनुपर्छ ।

## परिच्छेद एक

## नेपाल सरकारबाट स्वीकृत तथा राहत अनुदान कोटामा शिक्षक कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

११. नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने पदमा करारमा शिक्षक नियुक्ती सम्बन्धी व्यवस्थाः दरवन्दीमा स्थायी शिक्षक नियुक्ति (१) हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शिक्षा अधिकृत मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ । सुचिमा सुचिकृत भएको मुसिकोट नगरपालिकामा बसोबास गर्ने शिक्षकलाई प्राथमिकता दिईनेछ ।

(२)उपनियम बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा (१) रहेका उम्मेदवारमध्ये व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्‍रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

१२. नियम १बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि १. कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले बमोजिमको शिक्षक छनौट समितिको सिफार ३.१िसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

१३. **शिक्षक तथा कर्मचारी छनौट समिति :**सामुदायिक विद्यालयमा (१) नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी र राहत/अनुदान कोटामा करारमा शिक्षक र विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता

नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा अधिकृत

(ग) नगरपालिकाले तोकेको विशेषज्ञ १ जना

(घ) प्रधानाध्यापक

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

**नियम १बमोजिमको समितिले शिक्षक कर्मचारी नियुक्ति गर्दा अवलम्वन गर्नुपर्ने प्रक्रिया: ३.**

(क) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गर्दा शिक्षा शाखाबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराई अनुमति लिएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

(ख) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना सम्भाव्य सवै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, नगर कार्यपालिका र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ । यस्तो सूचना मुसिकोट नगरपालिकाको वेवसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(ग) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(घ) प्राप्त हुन आएका निवेदन, प्रमाणपत्र र सम्बन्धित विवरणहरु सम्बन्धित विद्यालयले शिक्षा शाखामा उपलब्ध गराउनु पर्ने र शाखाले आफु समक्ष पेश भएका विवरणहरु नगर शिक्षा समितिको अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

(ङ) शिक्षा शाखाको परामर्श र अध्यक्षको निर्देशनमा विद्यालयले कम्तिमा ३ दिनको अवधि तोकी लिखित परीक्षाको मिति तय गरी सम्बन्धित उम्मेदवारहरुलाई सूचित गर्नुपर्नेछ ।

(च) उक्त परीक्षाको केन्द्र नगरपालिकामा हुनेछ । परीक्षा संचालन, प्रश्नपत्र निर्माण लगायत अन्य आवश्यक कार्यविधि नियम १बमोजिम ३. सार हुनेछ ।गठित समितिको निर्णय अनु

(छ) १बमोजिम गठित समितिको सिफारिसमा विद्यालयले यस नियम ३. बमोजिम करारमा शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्त गरी सोको अभिलेखीकरणको लागि शिक्षा शाखालाई जानकारी दिनु पर्नेछ र शिक्षा शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

(ज) नियम १मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक २. तथा कर्मचारी नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा नियमानुसार स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्नेछ । विद्यालयले प्रत्येक शैक्षिक सत्रको शुरुमा उक्त म्याद थपेको पत्र अभिलेखीकरणको लागि शिक्षा शाखा समक्ष पेश गर्नुपर्नेछ ।

(झ) यस नियम वमोजिमको प्रक्रिया नपुर्याइ शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गरेमा नगर शिक्षा समितिबाट त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

(ञ) विद्यालयमा नेपाल सरकारको स्रोतबाट तलब भत्ता पाउने जुनसुकै प्रकारका शिक्षक, विद्यालय सहायक, विद्यालय सहयोगी तथा बालविकास सहजकर्ता नियुक्तिमा यो प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

## परिच्छेद दुई

## नगरपालिकाको स्रोतबाट पारिश्रमिक पाउने स्वयमसेवक शिक्षक, कर्मचारीमा नियुक्ति सम्बन्धी व्यवस्था

२१. **नगरपालकिाको स्रोतबाट नियुक्ति हुने शिक्षक कर्मचारी छनौट समिति :** नगरपालिकाद्धारा सिर्जना गरिएको स्वयमसेवक करार शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्तिका लागि सिफारिस गर्न नगरपालिकामा देहायको शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

| | | |
|---|---|---|
| क( | कार्यपालिकाले मनोनीत गरेको व्यक्ति | अध्यक्ष |
| ख( | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग( | छनौट समितिले तोकेको विशेषज्ञ दुई जना | सदस्य |
| घ( | शिक्षा अधिकृत | सदस्य–सचिव |

२२. **विज्ञापनप्रकाशन तथा दरखास्त संकलन सम्बन्धी प्रक्रिया**

क नगरपालिकाबाट बार्षिक रुपमा स्वीकृत बजेटको परिधिमा रही शुन्य दरवन्दी रहेका वा सबैभन्दा कम दरवन्दी रहेका विद्यालयहरु एकिन मेत आधार मानी शिक्षा शाखाको गरी विद्यार्थी संख्यालाई स परामर्शमा नगर शिक्षा समितिबाट विद्यालयगत, विषयगत कोटा र पारिश्रमिक दर निर्धारण हुनुपर्नेछ ।

ख शिक्षा शाखाले नगर शिक्षा समितिबाट निर्धारण गरिएको कोटा र विषयको अधिनमा रही नगर शिक्षा समितिको निर्णय अनुसार दिने सूचना १५कम्तिमा /विज्ञापन प्रकाशन गर्नुपर्नेछ । उक्त सूचना

नगरपालिकाको वेवसाइट र सम्भव अन्य संचार माध्यमबाट प्रकाशन गर्नुपर्नेछ।

ग तोकिएको म्यादभित्र पेश हुन आएका दरखास्तहरु शिक्षा शाखामा संकलन गरी, कागजात रुजु गरी प्रबेशपत्र उपलब्ध गराउनु पर्नेछ।

घ कार्यरत तथा अन्यप्राप्त दरखास्तहरुको कुनै विवरण फरक पारी पेश गरेको सम्बन्धमा छानविन गर्न कोही कसैको कुनै दावी विरोध भएमा लिखित परीक्षा संचालन पुर्व नै लिखित जानकारी दिनको लागि नगरपालिकाको वेबसाइटबाट उम्मेदवारहरुको नामनामेसीको विवरण सार्वजनिक गर्नुपर्नेछ।

ङ प्रकाशित सूचनाको सम्बन्धमा कुनै विवरणमा त्रुटी भएमा छनौट समितिले आवश्यक छानविन गरी उम्मेदवारहरुको अन्तिम नामावली स्वीकृत गर्नेछ। उम्मेदवारहरुको योग्यता तथा अयोग्यताको सम्बन्धमा छनौट समितिले गरेको निर्णय अन्तिम हुनेछ।

## २३. परीक्षा संचालन सम्बन्धी प्रक्रिया

क नगर शिक्षा समितिले तोकेको केन्द्र, मिति र समयमा परीक्षा संचालन हुनेछ।

ख परीक्षा संचालनको क्रममा आवश्यक पर्ने कर्मचारी तथा अन्य व्यवस्था नगर शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ।

## २३. प्रश्नपत्र निर्माण सम्बन्धी प्रक्रिया

क विषयगत प्रश्न निर्माणको लागि शिक्षा शाखामा रहेको अभिलेख अनुसार विषयगत शिक्षकहरुबाट नगर शिक्षा समितिका अध्यक्षबाट रयान्डमली गोला तानी परीक्षा संचालन हुनुभन्दा ३ दिन अघि आवश्यक मात्रामा रोष्टरको नामावली छनौट गरिनेछ।

ख नियुक्त भएका रोष्टरहरुलाई शिक्षा शाखामा गोप्य रुपमा बोलाइ शिक्षक सेवा आयोगको तत्काल कायम पाठ्यक्रम अनुसार प्रति रोष्टर ३ प्रतिका दरले विषयगत प्रश्नपत्रको प्रश्न बैंक (Question Bank) निर्माण गर्न लगाइनेछ । ति प्रश्नपत्रहरु तत्काल सिलबन्दी गरी शिक्षा समितिका अध्यक्षसंग गोप्य र सुरक्षित रुपमा राख्नुपर्नेछ । परीक्षा संचालन हुनुभन्दा अघिल्लो दिन ति प्रश्नपत्रहरुमध्ये छनौट समितिका अध्यक्षले कुनै प्रश्नपत्रहरुका खाम छ्यास म्यास पारी आँखा चिम्लेर एकसेट प्रश्नपत्र रयान्डमली तानी शिक्षा समितिका अध्यक्ष र शिक्षा शाखाको रोहबरमा खोली मोडरेशन गर्नुपर्ने भएमा सो समेत गरी टाइप गर्नुपर्ने भएमा तत्काल गरी आवश्यक मात्रामा छपाइ तथा फोटोकपी गरी तत्काल खामवन्दी गरी शिक्षा समितिका अध्यक्षको रोहवरमा सुरक्षित राख्नुपर्नेछ । परीक्षा संचालन हुनुभन्दा २ घन्टा अघि मात्र प्रश्नपत्रहरु सम्बन्धित केन्द्राध्यक्षलाई जिम्मा लगाउनु पर्नेछ ।

ग शिक्षक सेवा आयोगको तत्काल कायम पाठ्यक्रम अनुसार वस्तुगत प्रश्न पत्र निर्माण सम्बन्धमा २बमोजिम गठित समितिको १. निर्णय अनुसार शिक्षा शाखाको नेतृत्वमा परीक्षा संचालन सेट हुनेगरी प्रश्न बैंक ५हुनुभन्दा अघिल्लो दिन प्रति तह कम्तिमा (Question Bank) निर्माण र सिलवन्दी गरी गोप्य रुपमा शिक्षा समितिका अध्यक्षको रोहबरमा राख्नुपर्नेछ । परीक्षा संचालन हुनुभन्दा ३ घन्टा अघि वस्तुगत प्रश्नपत्रहरुलाई तहगत रुपमा छ्यासमिस पारी शिक्षा समितिका अध्यक्ष र शिक्षा शाखाको रोहबरमा छनौट समितिका अध्यक्षले आँखा बन्द गरी रयान्डमली एक सेट तान्न लगाइ प्याकिङ्ग खोली मोडरेशन गर्नुपर्ने भएमा तत्काल गरी टाइप गर्नुपर्ने भएमा टाइप गरी आवश्यक मात्रामा छपाइ तथा फोटोकपी गरी परीक्षा संचालन हुनु २ घन्टा अघि सम्बन्धित केन्द्राध्यक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

घ विषयगत र वस्तुगत प्रश्नपत्र मोडरेशन, टाइप, फोटोकपी, छपाइ तथा प्याकिङ्ग कार्यमा संलग्न हुने कर्मचारीहरुले परीक्षा शुरु नहुदासम्म छनौट समितिका पदाधीकारी बाहेक अन्यसंग प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क गर्न पाइने छैन । निजहरुले उक्त अवधिभर मोबाइल फोन तथा अन्य सन्चार माध्यमको प्रयोग गर्न पाइने छैन ।

## २४. उत्तरपुस्तिका परीक्षण सम्बन्धमा

क विषयगत परीक्षाका उत्तरपुस्तिकाहरु प्राप्त भएपछि शिक्षा समितिका अध्यक्षको रोहबरमा शिक्षा शाखाले पहिलो कोड कायम गर्नेछ ।

ख शिक्षा समितिका अध्यक्षको रोहबरमा छनौट समितिका अध्यक्षले सम दोस्रो कोड कायम गर्नेछ । त्यसपछि नगर शिक्षा ितिले निर्णय गरे अनुसारको स्थानमा नगर शिक्षा समितिबाट नियुक्त भएका रोष्टरबाट उत्तरपुस्तिका परीक्षण गराइनेछ ।

ग पहिलो कोड कायम गर्नेले दोस्रो कोड र दोस्रो कोड कायम गर्नेले पहिलो कोड कायम सम्बन्धी कार्यमा सहभागी हुन पाइने छैन ।

ग उत् वस्तुगत परीक्षाकोतरपुस्तिका परिक्षण सम्बन्धमा २ १. बमोजिम गठित समितिको निर्णय अनुसार आवश्यक उत्तरकुन्जिका बनाई छनौट समितिका सबै पदाधिकारीहरुको सामूहिक सहभागितामा परीक्षण गरी तत्काल अभिलेखीकरण गर्नुपर्नेछ ।

घ लिखित विषयगत र वस्तुगतको प्राप्ताङ्क जोडेर छनौट यसमितिको निर्णअनुसार लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ ।

## २५. अन्तर्वार्ता सम्बन्धमा

क अन्तर्वार्ता वापत पाउने अङ्कभार शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार कायम गरिनेछ ।

ख २क बमोजिम नम्बर कायम गर्दा आन्तरिक प्रतियोगिताको .५. हकमा सम्बन्धित तहमा कार्यरत रहेको भए खुला र आन्तरिक

नम्बर प्रदान ५दुवैमा एक बर्षको आधा नम्बरका दरले बढीमा गर्नेगरी छुट्याइनेछ ।

ग अन्तर्वार्ता छनौट समितिले तोकेको मिति र स्थानमा हुनेछ ।

घ लिखित रमौखिकबाट उच्चतम अंक सहित उत्तीर्ण हुने उम्मेदवारहरुको नामावली छनौट समितिले नगर शिक्षा समितिमा पठाउनु पर्नेछ ।

## २६. सिफारिस र नियुक्ति सम्बन्धमा

क विज्ञापन तथा सूचना अनुसार नगरपालिकाको स्रोतबाट पारिश्रमिक पाउने पदमा लिखित तथा मौखिक परीक्षाबाट उत्तीर्ण भइ सिफारिस गरिएका स्वमसेवक शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताहरुको नियुक्ति विद्यालय, पद, तह, श्रेणी, विषय, अवधि, पारिश्रमिक लगायत अन्य सेवा शर्तहरु समेत तोकी शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले गर्नेछ ।

## २.७ बैकल्पिक उम्मेदवार नियुक्ति सम्बन्धमा

क २निर्देशिकाको .६ अनुसार नियुक्तिको लागि सिफारिस भएका उम्मेदवारले सूचनामा प्रकाशित अवधिभित्र नियुक्ति नबुझेमा वा नियुक्ति बुझेको ७ दिनभित्र विद्यालयमा हाजरि नभएमा शिक्षा समितिको निर्णयअनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिनेछ ।

## २.८ पद रिक्त भएमा

क नगरपालिकाको स्रोतबाट नियुक्ति हुने स्वयमसेवक शिक्षकको लागि बार्षिक रुपमा लिइएको कोटामा कुनै कारणले उक्त कोटा रिक्त भएमा वा नगरपालिकाबाट लिइएको परीक्षाबाट कुनै उम्मेदवार छनौट हुन नसकेकमा उक्त कोटामा मुसिकोट ५६को नियम २०७४नगरपालिका शिक्षा नियमावली .१ बमोजिम गठित समितिबाट सार्वजनिक सूचना प्रकाशन गरी विद्यालयगत रुपमा परीक्षा संचालन गरी नियुक्तिको लागि नगर शिक्षा समिति समक्ष सिफारिस गरी कार्यविधिको २.६ बमोजिम नियुक्ति गरिनेछ ।

**मुसिकोट नगरपालिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७५**

## परिच्छेद तीन

## परीक्षामा संलग्नहरुको सेवा सुविधा सम्बन्धमा

**३.१** माथि उल्लेखितपरीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न पदाधिकारीहरु तथा कर्मचारीहरुले तपसिल बमेजिमको सेवा सुविधा पाउनेछन्

| | | |
|---|---|---|
| क | पदाधिकारी बैठक भत्ता प्रति बैठक | १५००रु /- |
| ख | विषयगत प्रश्न निर्माण रोष्टर प्रति सेट | १५००रु /- |
| ग | वस्तुगत प्रश्न निर्माण प्रति सेट | रु २०००/- |
| ङ | उत्तरपुस्तिका परिक्षण विषयगत प्रति उपु | ३०रु /- |
| च | वस्तुगत उत्तरपुस्तिका परिक्षण प्रति उपु | २०रु /- |
| छ | विषयगत प्रश्नपत्र टाइप प्रति सेट | ५००रु /- |
| ज | वस्तुगत प्रश्नपत्र टाइप प्रति सेट | १५००रु /- |

घ समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकमा शिक्षा समितिका पदाधिकारी, स्रोतव्यक्ति र सामाजिक विकास समितिका संयोजकलाई आमन्त्रण गर्न सकिनेछ । आमन्त्रित पदाधिकारीहरुले पदाधिकारी सरहको भत्ता पाउने छन् ।

३.२ परीक्षामा संलग्न हुने कर्मचारीले पाउने सेवा सुविधा

| | |
|---|---|
| क। केन्द्राध्यक्ष(राप तृतीय वा सो सरह) | रु १५००/- |
| ख। सहायक केन्द्रध्यक्ष(राप अनं प्रथम वा सो सरह) | १२०० /- |
| ग। निरिक्षक | १०००रु /- |
| घ। कार्यालय सहयोगी | रु ३००/- |

३.३ अनुगमनमा खटिएका पदाधिकारीले पाउने सेवा सुविधाप्रति दिन एकमुष्ट रु २०००/-

३.४ अन्तर्वार्ताकारले पाउने सेवा सुविधा एकमुष्ट रु १०००/-

## परिच्छेद चार

## विविध

४।१ परीक्षा संचालनको क्रममा आवश्यक पर्ने मसलन्द सामग्री, उत्तरपुस्तिका छपाइ लगायतको वन्दोवस्त नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले गर्नेछ ।

४।२ परीक्षा संचालन, उत्तर पुस्तिका छपाइ, उत्तरपुस्तिका परीक्षण लगायत माथि उल्लेखित विभिन्न शीर्षकमा भएको खर्च परीक्षा दस्तुर वापत उठेको रकमबाट व्यहोरिनेछ ।

परीक्षा दस्तुरबाट खर्च नपुग भएमा बांकी खर्च विद्यालयले संचालन गरेको परीक्षा भएमा सम्बन्धित विद्यालयले र नगरपालिकाले संचालन गरेको परीक् भएमा नगरपालिकाले सो खर्च व्यहोर्नुपर्नेछ ।

**४।३ संशोधन**

यो कार्यविधिमा परिमार्जन र सुधार गर्नुपर्ने भएमा तत्काल कायम नगर शिक्षा समितिको बैठकको निर्णय अनुसार आवश्यक संशोधन गर्न सकिनेछ ।

**४।४ ब्याख्या**

यो कार्यविधिको प्रयोगमा दिविधा उत्पन्न भएमा मुसिकोट नगरपालिका, नगर शिक्षा समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

आज्ञाले,
माधव प्रशाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

***